नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह क्षमता विकास शाखा)

पत्र संख्या : २०७४।७५

चलानी नं: ४०५

फोन नं ४२००३०६, ४२००३३६

मितिः २०७५/०२/२३

श्री जिल्ला समन्वय समिति (सबै) ।

विषयः तालिम कार्यक्रम सञ्चालन सम्बन्धमा ।

उपर्युक्त विषयमा यस मन्त्रालयको मिति २०७४/१२/०६ को सचिवस्तरीय निर्णय बमोजिम जिल्ला स्तर/स्थानीय स्तरमा सञ्चालन गर्ने ५ (पाँच) प्रकारका तालीम (१. स्थानीय सरकार सञ्चालन सम्बन्धी-३ दिने, २. न्यायिक समिति- ३ दिने, ३. योजना तथा बजेट सम्बन्धी- २ दिने, ४. सार्वजनिक खरिद र वित्त व्यवस्थापन सम्बन्धी -३ दिने र ५. एकीकृत सम्पत्ति कर सम्बन्धी - ३ दिने) सम्बन्धी खर्चका शर्तहरु, तालिम सामाग्री र तालिम सञ्चालन कार्यविधि पठाई सोही बमोजिम विभिन्न तालिम सञ्चालन भईरहेको विषय विदित नै छ । कतिपय स्थानहरुमा तालिम कार्यक्रमहरु निर्धारित कार्यविधि बमोजिम सञ्चालन नभएको भनी सूचना प्राप्त भएको सन्दर्भमा निम्न बमोजिम गर्नु गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५/०२/२३ को निर्णयानुसार अनुरोध छ ।

१. जिल्ला समन्वय समितिद्वारा सञ्चालित तालिम कार्यक्रमहरु सम्भव भए सम्म तोकिएको अवधि बमोजिम नै सञ्चालन गर्नुपर्नेछ । स्थानीय आवश्यकता र अनुकुलतालाई हेरी यदि तालिमको अवधि घटाउन आवश्यक देखिएमा तालिमको विषयवस्तु नछुट्ने गरी तालिमको अवधि समायोजन गर्न सकिनेछ । यसरी अवधि समायोजन गरी तालिम सञ्चालन गर्दा तोकिएको शर्तहरुको अधिनमा रही तालिम सञ्चालन अवधिको मात्र खर्च गर्नुपर्नेछ ।

२. तहाँबाट सञ्चालित तालिम कार्यक्रमहरुको सुक्ष्म अनुगमन गर्ने कार्य मन्त्रालय र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट भईरहेको छ । प्रशिक्षण कार्यक्रमहरु निर्धारित शर्त अनुरुप गर्ने गराउने सम्बन्धमा त्यहाँबाट समेत आवश्यक पहल र व्यवस्थापन हुन अनुरोध छ ।

३. माथि उल्लेख गरिए बमोजिमका तालिम कार्यक्रमहरु सञ्चालन भईसकेको भए पुनः ती तालिमहरु सञ्चालन नगर्ने । उक्त तालिमहरुको सट्टामा स्थानीय तहहरुसंग समन्वय गरी लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी मन्त्रालयले तयार गरेको श्रोत सामाग्रीमा आधारित भई तालिम कार्यक्रम तय गरी उपलव्ध बजेटबाट सञ्चालन गर्न सकिनेछ ।

४. तालीम कार्यक्रमहरु सञ्चालन गर्दा श्रोत व्यक्तिहरुको लागि स्थानीय स्तरमा उपलव्ध जिल्ला समन्वय समिति तथा जिल्ला स्थित नेपाल सरकार अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाइ उनीहरुको विषय सम्बन्धी ज्ञान र अनुभवको आधारमा संलग्न गराउने, तत् पश्चात आवश्यक भएमा रोष्टरमा उल्लेख भएका विज्ञहरु तथा अन्य विज्ञहरुको सेवा लिन सकिनेछ ।

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा। Website मा Upload गरिदिनु हुन ।

(रमेश अधिकारी)
उपसचिव

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।